# चुमनुब्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## सिर्दिबास, गोरखा

गण्डकी प्रदेश, नेपाल

## आर्थिक वर्ष २०८१।८२ को बजेट बक्तव्य

## विक्रम सम्वत २०८१ साल असार १० गते

गाउँ सभाका अध्यक्ष ज्यू,

उपस्थित पमख पशासकीय अधिकत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, सभा सदस्य ज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु, राजनीतिक पार्टीका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,सरकारी तथा गैरसरकारी कार्यालयका प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार एवं उपस्थित सम्पुर्ण महानुभावहरु,

१ नेपालको सविधानले परिकल्पना गरेको स्थानीय तहको निर्वाचन(२०७९ पश्चात तेस्रो बजेटको रुपमा आज नेपालको संविधान बमोजिम गठित स्थानीय सरकारको तर्फबाट चुमनुव्री गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को बजेट यस सम्मानित सभा समक्ष पेश गर्न गइरहेको छु।

२ सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगतर्फ पु¥याउने क्रममा आफ्नो अमुल्य जीवनलाई आहुती दिनुहुने ज्ञात अज्ञात सम्पुर्ण महान शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जी अर्पण गर्दछु। देश जनताको परिर्वतनका लागि विभिन्न आन्दोलनहरुमा सरिक भई घाईते भएकाहरुको सिघ्र स्वास्थ्यलाभको कामनागर्दै आन्दोलनको नेतृत्व गर्ने सम्पुर्ण अग्रजहरुलाई स्मरण गर्न चाहान्छु।

३ नेपालको संविधानले परिकल्पना गरेको तीन तहका सरकारवबीचको सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्दै जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता र कानुनी शासनको मान्यतालाई सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाहका माध्यमबाट सिहंदरबार गाउँमै आएको अनुभुती जनतालाई दिनुपर्ने अवसर, दायित्व र चुनौती हामीमाझ रहेको छ।

४ आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले “दिगो विकास अनुपम संस्कृति, उन्नत पर्र्यटन समृद्ध चुमनुव्री” को दिर्घकालिन सोचलाई पुरा गर्न, चुमनुव्री गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजनाको लक्ष्य र उद्देश्य हासिल गर्न र हाल सम्म भएका उपलब्धीहरुको संस्थागत गरी जनप्रतिनिधिमुलक लोकतान्त्रिक पद्धतीबाट चुमनुव्री बासीले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामुलक समाज निर्माण गर्ने पद्धतीबाट निर्देशित हुदैं समृद्ध चुमनुव्री बनाउन यो बजेट केन्द्रित गरेको छु।

५ चुमनुव्री गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले मुलतः नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन (२०७४, नेपाल सरकार तथा प्रदेश सरकारको नीति कार्यक्रम तथा चुमनुव्री गाउँपालिकाको विनियोजन विधेयक २०८१ को सिद्धान्त र

प्राथमिकता, चुमनुव्री गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाका निर्णयहरु तथा दिगो विकासका लक्ष्य र गाउँपालिकाका अध्यक्ष ज्यू मार्फत प्रस्तुत गरिएको नीति तथा कार्यक्रमलाई आधार बनाएको छु । साथै विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त हुन आएका महत्वपुर्ण सुझावहरुलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिइएको छु ।

६ चुमनुव्री गाउँपालिकाको आन्तरिक श्रोत, नेपाल सरकार र प्रदेश सरकाबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाडलाई मुल आधार मानी बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै गाउँपालिकाको आफ्नो क्षेत्राधिकार भित्र पर्ने कर तथा गैरकर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकता राखेको छु ।

७ अनावश्यक तथा अनुत्पादक खर्च न्यूनीकरण गर्ने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु । साथै कार्यक्रम छनौट, साधन श्रोतको बाडफाँड र विनियोजनामा देखिने दोहोरोपनलाई न्युनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता  र श्रोत तथा विनियोजनका वीचमा सन्तुलन कायम हुने गरी श्रोत व्यवस्था गर्ने प्रवन्ध मिलाएको छु ।

सभाका अध्यक्ष ज्यू, सभाका सदस्य ज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०८१।८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन

गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

शिक्षा तथा स्वाथ्य क्षेत्रको समष्टिगत विकास गर्ने ।

पालिको प्रशासकीय भवन लगायतका भौतिक पूर्वाधार निर्माण गर्न ।

स्थानीय भाषा, संस्कृति र मौलिक पहिचानहरुको संरक्षण तथा सम्बद्र्धन गर्नु ।

जनसहभागीता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नु ।

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गर्नु ।

स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु ।

आर्थिक, सामाजिक, सांस्कृति र शैक्षिक रुपमा पछाडी पारिएका एकल महिला, दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विभिन्न कारणले विस्थापित भएका व्यक्तिएको अधिकार स्थापित गर्नु ।

पर्यटकीय पूर्वाधारको विकास एवं विस्तार गर्न ।

आर्थिक वर्ष २०८१।८२ को बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकतासाथ कार्यान्वयन गरिने छ।

- बाढी पहिरो नियन्त्रण, रोकथाम तथा जोखिम वस्तीहरु स्थानान्तरण।
- गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि।
- कृषि, पर्यटन, उद्योग तथा बाणिज्य, सहकारी तथा वित्तिय क्षेत्रको विकास मार्फत आर्थिक विकास।
- आवश्यक ठाउँमा ढलान सहितको गोरेटो बाटो, सामुदायिक भवन, लघु तथा साना जलविद्युत, संचार क्षेत्रको विकास मार्फत पुर्वाधार विकास।
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्र्धन, लैङ्गिक तथा सामाजिक समावेशीकरण मार्फत सामाजिक विकास।
- वन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन ।
- शासकीय क्षमताको विकास मार्फत सुशासन र सदाचार प्रवर्द्र्धन,
- क्रमागत, गरिबी निवारणमा टेवा पुर्‍याउने खालका आयोजना र श्रममा आधारित रोजगार प्रवर्द्र्धन।

सभाका अध्यक्ष महोदय, सभाका सदस्य ज्यूहरु,

अब म चालु आर्थिक वर्ष २०८०।८१ को आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु।

- चालु आर्थिक वर्षमा ४२ करोड २५ लाख ३३ हजार रुपैयाँ राजश्व परिचालन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको संशोधित अनुमान बमोजिम नेपाल सरकारबाट वित्तिय समानीकरण अनुदान वापत रु. ६ करोड ९५ लाख ६० हजार रुपैयाँ र संघीय राजश्व बाँडफाडबाट रु. ४ करोड ५५ लाख ५४ हजार ९ सय ८४ आय प्राप्त भएको छ। प्रदेश वित्तिय सामानीकरण अनुदान वापत ५८ लाख ९५ हजार रुपैयाँ र प्रदेश राजश्व वाँडफाड बाट रु.६० लाख २४ हजार प्राप्त भएको छ।
- चालु आर्थिक वर्षको नेपाल सरकार शसर्त अनुदान तर्फ रु. ११ करोड ६९ लाख ६७ हजार रुपैंया र प्रदेश सरकार शसर्त अनुदान तर्फ रु. ५० लाख रुपैंया र प्रदेश समपुरक अनुदान रु ५० लाख , नेपाल सरकार विशेष अनुदान ४० लाख ५२ हजार र नेपाल सरकार समपुरक अनुदान रु ३१ लाख ८ हजार रुपैयाँ निकासा प्राप्त भएको छ। यसैगरी कुल आय रु ४२ करोड २५ लाख ३३ हजार अनुमान गरिएकोमा हालसम्म रु ३७ करोड

६९ लाख ५७ हजार रुपैयाँ निकासा प्राप्त भएको छ । अनुमानित आय र वास्तविक निकासाबीचको अन्तर रु ४ करोड ८५ लाख २७ हजार रहेको छ ।

सभाका अध्यक्ष महोदय, सभाका सदस्य ज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रमका मुख्य(मुख्य विषयवस्तुहरु प्रस्तुत गर्न चाहान्छु ।

- कृषि तथा पशुपक्षी विकास सम्बन्धी सेवाको पहुँच विस्तार गरी कृषि तथा पशुपालन व्यवसाय गर्न चाहने कृषकलाई बीउबिजन,कृषि औजार,प्रविधि र तालिमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिका भित्रका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक, मौलिक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण प्रवद्र्धन एवं प्रचार प्रसार मार्फत स्थानीय अर्थतन्त्रको महत्वपुर्ण आधारको रुपमा पर्यटन उद्योगको विकास गर्न, उच्च आर्थिक बृद्धि, उत्पादन रोजगारी र आयको वितरणलाई टेवा पु¥याउने सम्भावना बोकेको पर्यटन क्षेत्रको विकासलाई मैले जोड दिएको छु ।
- आर्थिक क्रियाकलाप, रोजगारी र मुल्य अभिबृद्धिमा उद्योग व्यापार र व्यवसायको प्रमुख भुमिका हुने भएकोले गाउँपालिका भित्र रहेका वेरोजगार युवायुवती र विदेशबाट फर्किएका युवा युवतीहरुलाई स्थानीय लघु उद्योग व्यवसायलाई आधिुनिक तबरले संचालन सम्बन्धि तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु । गाउँपालिकाभित्र विभिन्न प्राकृतिक विपत्तिबाट सिर्जित विविध समस्याहरुलाई समाधानका लागि गरिने तत्काल उद्दार, राहात तथा पुनस्थापन गर्न रु २० लाख विनियोजन गरेको छु।
- महामारीको रोग रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि प्रकोप व्यवस्थापन कोषमा रु २५ लाख विनियोजन गरेको छु ।
- गाउँपालिकाभित्र नवनिर्वाचित जनप्रतिनिधिहरुलाई स्थानियस्तरमा उत्पन्न विवाद समाधानको लागि कानूनी रुपमा सवल तथा सक्षमता पाउन कर्मचारी र जनप्रतिनिधिहरुलाई क्षमता विकास गर्न तालिम सञ्चालनार्थ रु. १० लाख रुपैयाँ विनियोजन गरेको छु ।

- चुमनुव्री गाउँपालिकाभित्र राजस्वलाई व्यवस्थित रुपमा अनलाईन बेसमा राजस्व सम्बन्धी अभिमुखिकरण तालिमको लागि रु ३ लाख विनियोजन गरेको छु ।
- विगतमा गाउँपालिकामा कार्यरत पदाधिकारी तथा कर्मचारी कामको शिलशिलामा घाइते भई आपतकालिन उद्दार गर्नुपरेको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाभित्र कार्यरत कर्मचारी तथा पदाधिकारीहरु कामको शिलशिलामा घाइते भएमा आपतकालिन उद्दारका लागि रु १० लाख विनियोजन गरी निरन्तरता प्रदान गरेको छु।
- महिला हिंसा तथा दुर्व्यवहार विरुद्ध आत्मरक्षा तालिम संचालन गर्न रु. ४ लाख रकम विनियोजन गरेको छु ।
- गाउँपालिकाभित्रका महिलाहरुको क्षमता विकास एवं स्वालम्वनतर्फ केन्द्रित गर्न उपाध्याक्ष महिला सशक्तिकरण कार्यक्रम संचालन गर्न रु. १० लाख विनियोजन गरेको छु ।
- स्वास्थ्यका लागि खेलकुद भन्ने नारालाई आत्मसाथ गर्दै पालिकास्तरीय अध्यक्षकप खेलकुद कार्यक्रम आयोजना गरी युवा युवतीहरुलाई खेल प्रति आकर्षित गर्न रु. ५ लाख विनियोजन गरेको छु ।
- संस्थागत विकास अन्तर्गत विविध कारणबस् हालसम्म गाउँपालिकाको आफ्नै प्रशासकीय भवन नभएको सन्दर्भमा बहुउपयोगी गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि रु. २ करोड ५० लाख विनियोजन गरेको छु ।
- नेपाल सरकारको प्रारम्भिक बाल विकास शिक्षकलाई मासिक १७ हजार तलवभत्ता वापत उपलब्ध गराउने नीति अनुरुप गाउँपालिकाभित्रका विद्यालयमा प्रध्यापनरत प्रारम्भिक बाल विकास शिक्षकहरुलाई गाउँपालिकाबाट अनिवार्य विनियोजन गर्नुपर्ने रकमको व्यवस्था गरेको छु ।
- गाउँपालिकाभित्रका विद्यालयहरुमा शिक्षाको गुणस्तर अभिवृद्धि गरी गुणस्तरीय शिक्षामा सबै नागरिकको पहुँच स्थापित गर्न आवश्यक शिक्षक सेवा करारमा लिने कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- कृषि क्षेत्रमा आधुनिकीकरण, व्यवसायिकरण, विविधिकरण गर्ने नेपाल सरकारको नीति अनुरुप चुमनुव्री गाउँपालिकाभित्रका वडाहरुको सम्भाव्यताको आधारमा स्याउ,दाँते ओखर, लसुन, आलु लगायतका विउ तथा बेर्नाहरु उपलब्ध गराउन रु.१८ लाख विनियोजन गरेको छु ।

- झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम अन्तर्गत गाउँपालिकाबाट अनिवार्य रुपमा लागत साझेदारी गर्नुपर्ने सेवा शुल्कवापत आवश्यक बजेट विनियोजन गरेको छु।
- चुमनुव्री गाउँपालिकाको प्रथम पञ्च वर्षिय आवधिक योजनाले औल्याएका क्षेत्रगत आयोजनाहरुको योजना बैंक बनाई सबै आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- गुनासो सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, नागरीक अभिमत सर्भेक्षण, सेवाको सन्तुष्टि सर्भेक्षण जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन आवश्यक बजेटको व्यवस्था गरेको छु।
- कर्मचारीहरुको सिकाई क्षमता अभिबृद्धि तथा पर्यटन काजको व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था गरको छु।
- आगामी आर्थिक वर्ष २०८१।८२ मा विभिन्न विषय क्षेत्रगत आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन, वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा अनुमानित विनियोजन भएको बजेट अनुसुचीमा समावेश गरेको छु । चुमनुव्री गाउँपालिकाको विषयक्षेत्रगत गुरुयोजना निर्माण गर्न चुमनुव्री गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- उद्यमशिलता मार्फत नयाँ उद्यमी सिर्जना गर्न संघीय सरकारको शर्शत अनुदानको अलावा गाउँपालिकाबाट समेत आवश्यक बजेट विनियोजन गरेको छु।
- गाउँपालिका हालै मात्र सडक संजालमा जोडिएको हुदाँ कार्यालय प्रयोजनका लागि चार पाङ्ग्रे सवारी साधन खरिद गर्न रु.१ करोड ३० लाख बजेट विनियोजन गरेको छु।
- कर उठाउन SuTRA Revenue Model लाई पूर्ण रुपमा कार्यान्वयन गरी राजस्व दाखिलामा पारदर्शिता कायम गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- गाउँपालिकाको प्रथम आवद्यिक योजना सम्पन्न भएको हुदाँ गाउपालिको दोस्रो पञ्चवर्षिय आवद्यिक योजना निर्माणका लागि रु. १८ लाख विनियोजन गरेको छु।
- गाउँपालिकाभित्रका शिक्षा, स्वास्थ्य, पर्यटन एवं समग्र विकासका लागि योगदान पुर्याउने व्यक्तित्वहरुको सम्मानका लागि रु. ७ लाख विनियोजन गरेको छु।
- पाङसिङ छिहीदेखि रुक्जुङ हुदैँ उदेजुङ नेडोल्मा पर्यटकीय पदमार्ग निर्माणका लागि नेपाल सरकार समपुरक अनुदानमा रु. ६० लाख विनियोजन भएकोमा पालिकाको

तर्फबाट रु. ६० लाख थप गरी कुल रु. १ करोड २० लाखको पर्यटकीय पदमार्ग निर्माण गरिने छ।

- समग्र गाउँपालिकाको वस्तुगत तथ्यांक संकलन गरी अद्यावधिक प्रोफाइल निर्माण गर्न रु. १५ लाख विनियोजन गरेको छु।
- पालिकाभित्र दक्ष जनशक्ति उत्पादन गर्न सिकर्मी, डकर्मी तालिम संचालन गर्न रु. ६ लाख विनियोजन गरेको छु।
- कर्मचारीहरु पालिकामा टिकाइराख्न कर्मचारी आवास सुविधाका लागि रु. १० लाख विनियोजन गरेको छु।
- सिद्ध गणेश आधारभूत विद्यालय र सेराङ्गी गुम्बा आधारभूत विद्यालय पालिकाको तर्फबाट छात्रावास सुविधाका लागि एकमुष्ट रु. १२ लाख विनियोजन गरेको छु।
- डढेलो नियन्त्रण गर्न तथा वातावरण संरक्षण गर्न लागत साझेदारीमा कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।
- सभाका अध्यक्ष महोदय, सभाका सदस्य ज्यूहरु,

आगामी आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु.४० करोड ६६ लाख ९६ हजार ४ सय रुपैयाँ खर्च हुने अनुमान गरेको छु। जसमध्ये चालुतर्फ रू २४ करोड ९६ लाख ५६ हजार ४ सय मात्र र पुँजीगत तर्फ रू १५ करोड ७० लाख ४० हजार मात्र हुने अनुमान गरेको छु।

- आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण उपशिर्षकगत तथा खर्च शिर्षकगत गाउँपालिकाको विनियोजन विधेयक २०८१ सँगै पेश गरेको छु।
- आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये नेपाल सरकार वित्तिय समानीकरण अनुदान रु. ७ करोड २ लाख रुपैयाँ, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व बाँडफाँड रु.८ करोड ३२ लाख रुपैयाँ, शर्शत अनुदार्न रु. १२ करोड ३६ लाख रुपैयाँ, विशेष अनुदान ५० लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु.७८ लाख ३१ हजार रुपैयाँ, प्रदेश राजश्व बाँडफाँडबाट रु. ७८ लाख १७ हजार रुपैया, आन्तरिक राजश्वबाट प्राप्त हुने रु.३० लाख २२ हजार ४ सय रुपैयाँ, प्रदेश सरकाबाट प्राप्त हुने विशेष अनुदान रु. ४० लाख रुपैया, प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु. ६० लाख रुपैया र चालु आर्थिक वर्षको असार मसान्त सम्ममा खर्च भई बाँकी रहने अल्या रकम अनुमानित रु ९ करोड १ लाख १० हजार रुपैयाँ रहेको छ।

सभाका अध्यक्ष महोदय, सभाका सदस्य ज्यूहरु,

अब म आर्थिक वर्ष २०८१।८२ का लागि राजश्वका नीति प्रस्तुत गर्न चाहन्छु ।

- स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजश्व संकलन, कर तथा गैर कर राजश्वको परिचालनलाई थप व्यवस्थित पार्दै लगिनेछ ।
- चुमनुव्री गाउँपलिकाको आन्तरिक राजश्व सुधार कार्ययोजना निर्माण गरी लागु गरिनेछ । कर तथा गैर करका दरलाई प्रगतिशिल बनाई राजश्व परिचालन गर्ने व्यवस्था मिलाईनेछ
- आर्थिक रुपले विपन्न, अशक्त असहाय, जेष्ठ नागरिक दलित, एकल महिलामैत्री कर प्रणालीको विकास गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सबै व्यापार व्यवसायहरुलाई आर्थिक कारोबारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी कर दायरा ल्याउने व्यवस्था मिलाईने छ ।
- ढुङ्गा, गिटी, बालुवा लगायतका दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर गाउँपालिकाबाट संकलन गरी ग–४–२ बाँडफाँड खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

सभाका अध्यक्ष महोदय, सभाका सदस्य ज्यूहरु,

अन्तमा, यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, वडा अध्यक्षहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, गाउँसभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारी, विभिन्न राजनीतिक दल, नीजि क्षेत्र, नागरिक समाजका व्यक्तित्वहरु, संघसंस्थाका प्रतिनिधिहरु तथा बुद्धिजीवी जगतबाट प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु ।

दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुव्री को दिर्घकाली सोचलाई सार्थक पार्न नवनिर्वाचित जनप्रतिनिधी चुनौतिहरुवीच आएको यो बजेटको सफल कार्यान्वयन गर्न सबै पक्षको अपनत्व र पुर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु । साथै मुलुक भित्र र बाहिर रहनु भएका चुमनुव्री गाउँपालिकाको विकासको लागि चिन्ता गर्ने

सबैलाई दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुव्री निर्माणको गाउँपालिकाको महान अभियानमा सहभागी हुन आह्वान गर्दछु ।

धन्यवाद ।

लक्ष्मी गुरूङ

उपाध्यक्ष

## अनुसूचीहरु

# चुमनुव्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६५०४३००

अनुसूची १

### आय व्ययको बिबरण

आ.व. : २०८१/८२

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| आय | २९,०१,५६,८९९.३२ | ३१,५४,८५,०००.०० | ३१,६५,८६,४००.०० |
| राजस्व | ७,९१,७९,६४९.३२ | ८,६९,४३,०००.०० | ९,९९,५२,४००.०० |
| आन्तरिक श्रोत | ११,१२,२०५.०० | १८,५६,१००.०० | ३०,२२,४००.०० |
| ११३१३ सम्पती कर | | १,५०,०००.०० | ०.०० |
| ११३१४ भुमिकर/मालपोत | २,६९,९९६.०० | १,१३,०००.०० | ५०,०००.०० |
| ११३१७ वहाल कर | १,०३,२७५.०० | ३,००,०००.०० | १,५०,०००.०० |
| ११६९१ अन्य कर | | २८,५००.०० | ०.०० |
| १४१२९ अन्य निकायबाट प्राप्त लाभांश | | ०.०० | ०.०० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | १६,२००.०० | | |
| १४१९२ पदयात्रा शुल्क | | ०.०० | ४०,०००.०० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | | ०.०० | ०.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | | ०.०० | १२,००,०००.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १,९७,६००.०० | ५०,०००.०० | ०.०० |
| १४२२१ न्यायिक दस्तूर | | ०.०० | २०,०००.०० |
| १४२२४ परीक्षा शुल्क | १९,०७०.०० | १०,०००.०० | १०,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २,४५,१००.०० | १५,६००.०० | ०.०० |
| १४२४२ नक्सापास दस्तुर | | २०,०००.०० | ०.०० |
| १४२४३ सिफारिश दस्तुर | २,२६,४५४.०० | ६,२५,१००.०० | ७,८८,४००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | | ४०,०००.०० | ३५,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | | ५,०००.०० | ०.०० |
| १४२४९ अन्य दस्तुर | | ०.०० | ५०,०००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | | २,५६,५००.०० | २,१४,५००.०० |
| १४३१३ धरौटी सदरस्याहा | | ०.०० | ५,०००.०० |
| १४६११ व्यवसाय कर | ५,०००.०० | १,९२,४००.०० | २,४९,५००.०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ७,८०,६७,४४४.३२ | ८,५०,८६,९००.०० | ९,६९,३०,०००.०० |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | | ०.०० | ०.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५,२९,०६,९८०.०८ | ७,८३,५०,९००.०० | ६,१०,०७,८६७.०० |
| ११४२१ बाँडफाँड भ ई प्राप्त हुने अन्तःशुल्क | १,८३,२१,९०२.२४ | ०.०० | २,२१,९२,१३३.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ६८,३८,५६२.०० | ६७,३६,०००.०० | १,३७,३०,०००.०० |
| अन्य आय | २९,५१०.०० | ५०,०००.०० | २,१०,०००.०० |
| १४५२९ अन्य राजस्व | | ०.०० | २,००,०००.०० |
| १५१११ बेरूजू | २९,५१०.०० | ५०,०००.०० | १०,०००.०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | २१,०९,७७,२५०.०० | २२,८५,४२,०००.०० | २१,६६,३४,०००.०० |
| संघीय सरकार | १९,५६,३७,०००.०० | २१,०६,८१,०००.०० | १९,८८,१७,०००.०० |
| १३३११ समानिकरण अनुदान | ६,९४,६०,०००.०० | ६,९७,००,०००.०० | ७,०२,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ११,७१,२७,०००.०० | ११,७९,८१,०००.०० | १२,२६,१७,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ८९,५०,०००.०० | ९०,००,०००.०० | १०,००,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ९०,००,०००.०० | ४०,००,०००.०० |

## चुमनुब्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६५०४३००

अनुसूची १

### आय व्ययको बिबरण

आ.व. : २०८१/८२

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ५०,००,०००.०० | ०.०० |
| प्रदेश सरकार | १,५३,४०,२५०.०० | १,७८,६१,०००.०० | १,७८,१७,०००.०० |
| १३३११ समानिकरण अनुदान | ६८,५८,२५०.०० | ७८,६१,०००.०० | ७८,१७,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ३४,८२,०००.०० | ५०,००,०००.०० | ०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ०.०० | | |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ०.०० | ४०,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ५०,००,०००.०० | ५०,००,०००.०० | ६०,००,०००.०० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |
| | | | |
| व्यय | २५,०६,४२,९३५.५१ | ४२,५४,८५,०००.०० | ४०,६६,९६,४००.०० |
| चालु | १५,५१,४६,७०८.५१ | २६,१६,८५,०००.०० | २४,९६,५६,४००.०० |
| २११११ पारिश्रमिक कर्मचारी | ५,८८,९५,३६७.०१ | ९,६१,२५,०००.०० | ९,३५,०२,०००.०० |
| २१११२ पारिश्रमिक पदाधिकारी | ७८,०७,०००.०० | ८५,००,०००.०० | ८२,००,०००.०० |
| २११२१ पोशाक | १,७०,०००.०० | २१,३०,०००.०० | २४,३६,०००.०० |
| २११३१ स्थानीय भत्ता | ६१,८३,१०६.०० | २६,१७,०००.०० | ३१,१७,०००.०० |
| २११३२ महंगी भत्ता | २२,९२,०००.०० | ७,००,०००.०० | ७,००,०००.०० |
| २११३३ फिल्ड भत्ता | ०.०० | ०.०० | १०,४०,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १६,००,५००.०० | १७,५०,०००.०० | ५,००,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २,००,०००.०० | ५,००,०००.०० | ५,००,०००.०० |
| २११३९ अन्य भत्ता | १५,७०,९५०.०० | २,००,०००.०० | ५०,०००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | २,०१,०००.०० | १७,५०,०००.०० | ५,००,०००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ०.०० | २,००,०००.०० | ०.०० |
| २२१११ पानी तथा बिजुली | ५८,५६०.०० | ३,००,०००.०० | २,००,०००.०० |
| २२११२ संचार महसुल | ५,७७,३५५.०० | २०,००,०००.०० | २०,००,०००.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १,७९,३९५.०० | १५,००,०००.०० | २०,००,०००.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | १,०२,५५७.०० | १५,००,०००.०० | २०,००,०००.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ५७,७२३.०० | ६,००,०००.०० | ६,००,०००.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २३,७००.०० | २७,००,०००.०० | ५,००,०००.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ०.०० | ०.०० | ५,००,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ५३,५१,१०७.५० | २५,००,०००.०० | ३३,३४,०००.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ०.०० | १६,४६,०००.०० | १८,७७,०००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १२,५६,९८९.०० | २०,००,०००.०० | १६,००,०००.०० |
| २२४११ सेवा र परामर्श खर्च | ०.०० | ०.०० | ६२,००,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ०.०० | १०,००,०००.०० | १५,००,०००.०० |
| २२४१३ करार सेवा शुल्क | ५९,०७,८९०.०० | ८०,००,०००.०० | ८०,००,०००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | १,८८,०२५.०० | ११,५०,०००.०० | २०,००,०००.०० |

अनुसूची १

# चुमनुब्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६५०४३००

### आय व्ययको बिबरण

आ.व. : २०८१/८२

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ०.०० | ०.०० | २४,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | २,७१,०९,४६६.०० | ४,८१,६६,८००.०० | ४,९८,९८,०००.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | १०,३४,२५०.०० | ०.०० | १३,००,०००.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १,१७,७२०.०० | ११,७१,०००.०० | १४,९६,०००.०० |
| २२६१२ भ्रमण खर्च | ४०,००,०००.०० | ६४,५०,०००.०० | ४३,००,०००.०० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ०.०० | ५,००,०००.०० | ५,००,०००.०० |
| २२६१९ अन्य भ्रमण खर्च | ७,२७५.०० | ५,००,०००.०० | ०.०० |
| २२७११ विविध खर्च | १३,०४,०४४.०० | १,६०,८९,०००.०० | ६९,००,०००.०० |
| २२७२१ सभा सञ्चालन खर्च | १३,३७,०५०.०० | १,३४,२००.०० | १५,००,०००.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ५८,६५,३८३.०० | ०.०० | १२,००,०००.०० |
| २५३१३ उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता | ७५,०००.०० | २,००,०००.०० | ०.०० |
| २५३१५ अन्य सस्था सहायता | ०.०० | ०.०० | ३,००,०००.०० |
| २६३३२ सशर्त अनुदान (चालु) | ०.०० | ५४,४०,०००.०० | ०.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | ०.०० | ०.०० | २०,००,०००.०० |
| २७२११ छात्रवृत्ति | १,६९,५६,८००.०० | १,८१,२२,०००.०० | २,२३,५४,०००.०० |
| २७२१२ उद्धार, राहत तथा पुनर्स्थापना खर्च | २५,०००.०० | ५५,००,०००.०० | ३५,००,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ११,७०,४२३.०० | २९,७४,०००.०० | १७,२९,०००.०० |
| २७२१९ अन्य सामाजिक सहायता | ०.०० | ०.०० | ७,००,०००.०० |
| २८१४१ जग्गाको भाडा | ०.०० | ३५,०००.०० | ६०,०००.०० |
| २८१४२ घरभाडा | १८,६९,५९८.०० | २७,००,०००.०० | १५,००,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १६,५१,४७५.०० | १०,००,०००.०० | १५,००,०००.०० |
| २८१४९ अन्य भाडा | ०.०० | ३,००,०००.०० | ०.०० |
| २८९११ भैपरी आउने चालु खर्च | ०.०० | १,३०,३५,०००.०० | ३६,६३,४००.०० |
| पूँजीगत | ९,५४,९६,२२७.०० | १६,३८,००,०००.०० | १५,७०,४०,०००.०० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ०.०० | ४३,००,०००.०० | ०.०० |
| ३११२१ सवारी साधन | ८४,७५०.०० | ८५,००,०००.०० | १,३०,००,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | ६३,०८,५६३.०० | ५९,००,०००.०० | ४०,००,०००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २४,९७,९९५.०० | ५७,००,०००.०० | ४०,००,०००.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ०.०० | ०.०० | ५०,००,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | १,८७,०८,६४२.०० | २,९४,५०,०००.०० | ३,६५,००,०००.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ५९,८२,०००.०० | १०,००,०००.०० | ०.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | १५,७०,०००.०० | १,१०,००,०००.०० | १,०३,५०,०००.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | ३३,००,२७१.०० | १६,३०,०००.०० | ३७,४०,०००.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ५,४३,७२,१३६.०० | ८,१३,५०,०००.०० | ७,७६,५०,०००.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ३,९८,३१०.०० | २५,००,०००.०० | ०.०० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | २२,७३,५६०.०० | ९०,००,०००.०० | ०.०० |
| ३१५११ भैपरी आउने पूँजीगत | ०.०० | ३४,७०,०००.०० | २८,००,०००.०० |

अनुसूची १

# चुमनुव्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६५०४३००

### आय व्ययको बिबरण

आ.व. : २०८१/८२

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| बजेट बचत (+)/न्यून | ३,९५,१३,९६३.८१ | (११,००,००,०००.००) | (९,०१,१०,०००.००) |
| गत वर्षको नगद मौज्दात | | ११,००,००,०००.०० | ९,०१,१०,०००.०० |

# चुमनुव्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६५०४३००

अनुसूची २

### राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व. : २०८१/८२

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| आय | २९,०१,५६,८९९.३२ | ४२,५४,८५,०००.०० | ४०,६६,९६,४००.०० |
| राजस्व | ७,९१,७९,६४९.३२ | १९,६९,४३,०००.०० | १९,००,६२,४००.०० |
| आन्तरिक श्रोत | ११,१२,२०५.०० | ११,१८,५६,१००.०० | ९,३१,३२,४००.०० |
| ११३१३ सम्पती कर | | १,५०,०००.०० | ०.०० |
| ११३१४ भुमिकर/मालपोत | २,६९,९९६.०० | १,१३,०००.०० | ५०,०००.०० |
| ११३१७ वहाल कर | १,०३,२७५.०० | ३,००,०००.०० | १,५०,०००.०० |
| ११६९१ अन्य कर | | २८,५००.०० | ०.०० |
| १४१२९ अन्य निकायबाट प्राप्त लाभांश | | ०.०० | ०.०० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | १६,२००.०० | | |
| १४१९२ पदयात्रा शुल्क | | ०.०० | ४०,०००.०० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | | ०.०० | ०.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | | ०.०० | १२,००,०००.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १,९७,६००.०० | ५०,०००.०० | ०.०० |
| १४२२१ न्यायिक दस्तूर | | ०.०० | २०,०००.०० |
| १४२२४ परीक्षा शुल्क | १९,०७०.०० | १०,०००.०० | १०,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २,४५,१००.०० | १५,६००.०० | ०.०० |
| १४२४२ नक्सापास दस्तुर | | २०,०००.०० | ०.०० |
| १४२४३ सिफारिश दस्तुर | २,२६,४५४.०० | ६,२५,१००.०० | ७,८८,४००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | | ४०,०००.०० | ३५,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | | ५,०००.०० | ०.०० |
| १४२४९ अन्य दस्तुर | | ०.०० | ५०,०००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | | २,५६,५००.०० | २,१४,५००.०० |
| १४३१३ धरौटी सदरस्याहा | | ०.०० | ५,०००.०० |
| १४६११ व्यवसाय कर | ५,०००.०० | १,९२,४००.०० | २,४९,५००.०० |
| ३२१२२ बैंक मौज्दात | | ११,००,००,०००.०० | ९,०१,१०,०००.०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ७,८०,६७,४४४.३२ | ८,५०,८६,९००.०० | ९,६९,३०,०००.०० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | | ०.०० | ०.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५,२९,०६,९८०.०८ | ७,८३,५०,९००.०० | ६,१०,०७,८६७.०० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | १,८३,२१,९०२.२४ | ०.०० | २,२१,९२,१३३.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ६८,३८,५६२.०० | ६७,३६,०००.०० | १,३७,३०,०००.०० |
| अन्य आय | २९,५१०.०० | ५०,०००.०० | २,१०,०००.०० |
| १४५२९ अन्य राजस्व | | ०.०० | २,००,०००.०० |
| १५१११ बेरूजू | २९,५१०.०० | ५०,०००.०० | १०,०००.०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | २१,०९,७७,२५०.०० | २२,८५,४२,०००.०० | २१,६६,३४,०००.०० |
| संघीय सरकार | १९,५६,३७,०००.०० | २१,०६,८१,०००.०० | १९,८८,१७,०००.०० |
| १३३११ समानिकरण अनुदान | ६,९५,६०,०००.०० | ६,९७,००,०००.०० | ७,०२,००,०००.०० |

अनुसूची २

# चुमनुव्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६५०४३००

### राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व. : २०८१/८२

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| १३३१२ शसर्त अनुदान चालु | ११,७१,२७,०००.०० | ११,७९,८१,०००.०० | १२,२६,१७,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ८९,५०,०००.०० | ९०,००,०००.०० | १०,००,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ९०,००,०००.०० | ५०,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ५०,००,०००.०० | ०.०० |
| प्रदेश सरकार | १,५३,४०,२५०.०० | १,७८,६१,०००.०० | १,७८,१७,०००.०० |
| १३३११ समानिकरण अनुदान | ६८,५८,२५०.०० | ७८,६१,०००.०० | ७८,१७,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ३४,८२,०००.०० | ५०,००,०००.०० | ०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ०.०० | | |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ०.०० | ४०,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ५०,००,०००.०० | ५०,००,०००.०० | ६०,००,०००.०० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |

# चुमनुव्री गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, गोरखा
कार्यालयको कोड : ८०४३६५०४३००

अनुसूची ५

### क्षेत्रगत व्यय अनुमान

आ.व. : २०८१/८२

| क्र.सं. | संकेत | शीर्षक | विनियोजन | स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | वैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| १ | २ | आर्थिक विकास | २,९१,९४,०००.०० | १,०१,३०,०००.०० | १,२५,९४,०००.०० | ६४,७०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १ | २०१ | कृषि | ६८,६०,०००.०० | ४२,००,०००.०० | २६,६०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २ | २०२ | उद्योग | १,१३,३४,०००.०० | २६,३०,०००.०० | ८२,३४,०००.०० | ४,७०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३ | २०३ | पर्यटन | ७५,००,०००.०० | १५,००,०००.०० | ०.०० | ६०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४ | २०६ | जलश्रोत तथा सिंचाई | १३,००,०००.०० | ०.०० | १३,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | २०७ | बन | २,००,०००.०० | २,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | २०८ | पशुपन्छी विकास | २०,००,०००.०० | १६,००,०००.०० | ४,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २ | ७ | सामाजिक विकास | ११,५३,३७,०००.०० | २,६९,८०,०००.०० | ८,१८,५७,०००.०० | ६५,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १ | ७०२ | सामाजिक सुरक्षा तथा संरक्षण | ४३,२५,०००.०० | ३७,००,०००.०० | ६,२५,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २ | ७०३ | युवा तथा खेलकुद | २८,००,०००.०० | ५,००,०००.०० | २३,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३ | ७०४ | खानेपानी तथा सरसफाई | १,२०,९०,०००.०० | ४७,००,०००.०० | ४८,९०,०००.०० | २५,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४ | ७०५ | भाषा तथा संस्कृति | १८,००,०००.०० | १८,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | ७०६ | शिक्षा | ७,८३,७९,०००.०० | १,१४,३०,०००.०० | ६,६९,४९,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | ७०७ | स्वास्थ्य | १,३६,४३,०००.०० | ३१,५०,०००.०० | ६४,९३,०००.०० | ४०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ७ | ७०८ | लैगिक समानता तथा सामाजिक समावेशीकरण | २३,००,०००.०० | १७,००,०००.०० | ६,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३ | ३ | पूर्वाधार विकास | १०,२४,५०,०००.०० | ३,३६,५०,०००.०० | ६,४६,००,०००.०० | ४२,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १ | ३०१ | यातयात पूर्वाधार | ३,१५,००,०००.०० | १,०६,५०,०००.०० | १,८४,५०,०००.०० | २४,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २ | ३०२ | भवन, आवास तथा सहरी विकास | ६,९९,५०,०००.०० | २,२०,००,०००.०० | ४,६१,५०,०००.०० | १८,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३ | ३०५ | बिज्ञान तथा प्रबिधि | १०,००,०००.०० | १०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४ | ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,५२,००,०००.०० | १,४६,००,०००.०० | ०.०० | ६,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १ | ४०१ | शासन प्रणाली | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २ | ४०३ | प्रशासकीय सुशासन | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३ | ४०४ | वित्तीय सुशासन | ३०,००,०००.०० | ३०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४ | ४०५ | कानुन तथा न्याय | ७,००,०००.०० | ७,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | ४१२ | योजना तर्जुमा र कार्यन्वयन | २३,००,०००.०० | २३,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | ४१३ | अनुगमन तथा मूल्यांकन | ८,००,०००.०० | ८,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ७ | ४१४ | तथ्यांक प्रणाली | १५,००,०००.०० | १५,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ८ | ४१६ | मानब संशाधन विकास | २८,००,०००.०० | २८,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ९ | ४१७ | विपद व्यवस्थापन | ३१,००,०००.०० | २५,००,०००.०० | ०.०० | ६,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४,४५,१५,४००.०० | १०,४७,०२,४००.०० | ३,९७,६६,०००.०० | ४७,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १ | १०१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४,४५,१५,४००.०० | १०,४७,०२,४००.०० | ३,९७,६६,०००.०० | ४७,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | | कुल जम्मा | ४०,६६,९६,४००.०० | १९,००,६२,४००.०० | १९,८८,१७,०००.०० | १,७८,१७,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |